प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# मत्स्यपालनको लागि विद्युत खपत महशुलमा अनुदान कार्यक्रम

## कार्यविधि, २०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट प्रथम संशोधन मिति २०७७/०९/१)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल।

**मत्स्यपालनको लागि विद्युत खपत महशुलमा अनुदान कार्यक्रम कार्यविधि, २०७७**

मत्स्यपालनको लागि विद्युत खपत महशुलमा अनुदान कार्यक्रम (प्रथम संशोधन ) कार्यविधि, २०७७- २०७७/०९/०१

**प्रस्तावनाः** माछापालन व्यवसायलाई व्यवसायीकरण गर्न, उत्पादन लागत घटाउनका साथै उत्पादन र उत्पादकत्त्वमा वृद्धि गरी मत्स्य क्षेत्रमा प्रदेशलाई आत्मनिर्भर बनाउन आवश्यक भएकोले माछापालन गर्दा खपत हुने बिजुली महशुलमा अनुदान प्रवाह गर्न र कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मत्स्यपालनको लागि विद्युत खपत महशुलमा अनुदान कार्यक्रम कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "कार्यक्रम" भन्नाले मत्स्यपालक कृषक/व्यवसायीहरुलाई विद्युत खपत महशुलमा अनुदान सम्बन्धी स्वीकृत बजेट तथा कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "मूल्याङ्कन समिति" भन्नाले दफा ४ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(छ) "साझेदार संस्था"भन्नाले माछापालक गर्ने नीजि/कृषक समूह/सहकारी सम्झनु पर्छ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य निम्न बमोजिम हुनेछः-

(क) माछापालन क्षेत्र बिस्तार गरी माछाको उत्पादन वृद्धि गर्ने,

(ख) उत्पादन लागत घटाई कृषकहरुको मुनाफा दर बढाउने,

(ग) मत्स्य क्षेत्रको व्यवसायिकरणमा टेवा पुऱ्याउने।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

<u>नोटः</u> समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्नेछ ।

## परिच्छेद -३
## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

६. <u>कार्यक्रम सञ्चालनः</u> यो कार्यक्रम बागमती प्रदेश भर लागु हुनेछ।

७. <u>आवेदन माग गर्नेः</u> यो कार्यक्रममा सहभागी हुन मत्स्यपालक कृषक/ व्यवसायीहरुबाट आवेदन पेश गर्न निर्देशनालयले ३० दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची -१ बमोजिम सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ।

८. <u>आवेदन दर्ताः</u> कार्यक्रममा सहभागी हुन ईच्छुक मत्स्यपालक कृषक/ व्यवसायीहरुले दफा ७ बमोजिमको समय अवधिभित्र अनुसूचि -२ बमोजिमको आवेदन-पत्र र अनुसूची -३ बमोजिमको आवश्यक कागजातका साथ निर्देशनालय वा निर्देशनालयले तोकेको सम्बन्धित कार्यालय वा Email मार्फत Online पनि document दर्ता गर्न सक्नेछन्। Online मार्फत document दर्ता गर्दा आवेदकले आवश्यक कागजातहरु प्रमाणित गरि फार्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ।

९. <u>आवेदकको सुचीकृतः</u> मूल्याङ्कन समितिले आवेदकहरुको आवेदन, संलग्न कागजातको आधारमा आवेदकहरुलाई यस कार्यक्रमको लागि सुचीकृत गरि निर्देशनालयलाई सिफारिस गर्नेछ।

१०. <u>प्रस्तावकलाई जानकारीः</u> निर्देशनालयले सुचीकृत भएका आवेदकलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

११. माछापालन व्यवसायको विभिन्न क्रियाकलापहरु संचालन गर्दा चालु आ.व मा चौमासिक तिरेको विघुत खपत महशुलमा बढिमा ५०% अनुदान उपलब्ध गराइने छ। सो को लागि सुचीकृत भएका आवेदकहरुले चैमासिक रुपमा तिरेको विघुत महशुलको विलसहित रकम

भूक्तानीको लागि अनुसूची- ४ बमोजिमको निवेदन पत्र सहित निर्देशनालय वा कार्यालयमा पेश गर्न सक्नेछन्।

१२. सुचीकृत भएका आवेदकहरुले चालु आ.वमा बढिमा ३ चौमासिकको लागि अनुदान प्राप्त गर्न सक्नेछन्। दर्ता भएका आवेदक तर भुक्तानीको लागि बजेट परिधि भित्र नपरेका निवेदनहरुलाई अर्को आ.वमा संबोधन गरिनेछ।

१३. निर्देशनालय/ कार्यालयले भूक्तानी दिने अनुदान रकम आवेदकको बैंक खातामा रकम उपलब्ध गराउने छ ।

१४. अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

१५. **साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरुः** (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) व्यवसायीक रुपमा कम्तीमा ५ कठ्ठामा माछापालन गरेको हुनु पर्नेछ।

(ख) #माछा पोखरीमा खपत हुने बिजुलीका लागि साझेदार संस्थाको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा साझेदार संस्थाले माछापालनको लागि प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने।

(ग) अन्य प्रयोजनको लागि विद्युत महशुलमा अनुदान उपलब्ध गराइने छैन।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१६. **प्रगति प्रतिवेदनः** (१) अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

---

#प्रथम संशोधनद्वारा संशोधित

१७. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१८. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूची -१**
**(दफा ७ संग सम्वन्धित)**
**प्रस्ताव आह्वानको सूचना**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाद्वारा आ.व. ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदार संस्थासँगको लागत साझेदारीमा विद्युत खपत महशुलमा अनुदान कार्यक्रम रहेको हुँदा साझेदारी गर्न इच्छुक मत्स्यपालक कृषक/ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी अनुसूचि -२ बमोजिम दिईएको आवेदन-पत्र साथ तपसिल बमोजिमका कागजात संलग्न गरी निर्देशनालयमा वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पूनश्चः कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालयको सूचना पाटीमा हेर्न सकिने छ ।

तपसिलः

१. रु. १०।- को टिकट टाँसेको अनुसूचि -२ अनुसारको आवेदन,
२. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र,
३. सम्बन्धित स्थानिय निकायको मत्स्य पोखरीको क्षेत्रफल, माछा उत्पादन तथा विक्रिको अभिलेख प्रमाणिकरण गरि सिफारिस पत्र।
४. विद्युत मिटरको विवरण खुल्ने पत्र।

प्रदेश सरकार
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -२
### (दफा ८ संग सम्वन्धित)
### आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश , हेटौंडा मकवानपुर ।
मार्फत, श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... मा प्रकाशित सूचना अनुसार विद्युत खपत महशुलमा अनुदान कार्यक्रम रहेकोले मैले/मेरो संस्थाले विगत देखी माछापालन गर्दै आइरहेकोले सूचनामा उल्लेख भए अनुसारका कागजात राखी नियमानुसार अनुदान कार्यक्रमको लागि सुचीकृत गराई पाउँ भनि यो निवेदन पेश गरेको छु। मैले निवेदनका साथ बुझाएको विवरण ठिक/साँचो हो भनि प्रतिबद्धता समेत जाएर गर्दछु।

निवेदन पेश गर्नेको:
दस्तखत र मितिः
नाम, थरः
पदः
संस्थाको नाम र ठेगानाः
संस्थाको छापः

## अनुसूची–३

(दफा ८ संग सम्वन्धित)

**आवश्यक कागजातहरु**

१. सम्वन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र,
२. मत्स्य पोखरीको क्षेत्रफल (हेक्टरमा) खुल्ने कागजात र पोखरीको फोटो।
३. पोखरीको फोटो।
४. विद्युत मिटरको विवरण खुल्ने पत्र।

अनुसूची -४

(दफा ११ संग सम्वन्धित)

**भुक्तानी निवेदन पत्र**

मितिः … … … … …

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।
मार्फत, श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, … … … …

विषयः- भुक्तानी उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति … … … … मा प्रकाशित सूचना अनुसार विद्युत खपत महशुलमा अनुदान कार्यक्रममा सुचीकृत भई उक्त कार्यक्रम अनुसार मिति ………….देखि मिति……………… सम्मको ……..चैमासिकको रकम भुक्तानी पाउँ भनि विद्युत महशुल तिरेको विल सहित यो निवेदन पेश गरेको छु।

निवेदन पेश गर्नेकोः
दस्तखत र मितिः
नाम, थरः
पदः
संस्थाको नाम र ठेगानाः
संस्थाको छापः